# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मिति: २०८२/०५/१३

**अनुशासन सम्बन्धी उजुरी उपर सजाय गरिएको बारे ।**

*एक व्यक्तिको दुई व्यवसायीक फर्महरुको आ.व. २०७८/७९ को लेखापरीक्षण गर्ने यस संस्थाका "घ" वर्गका लेखापरीक्षक सदस्यले UDIN उल्लेख नभएको तथा विभिन्न कैफियत भएको लेखापरीक्षण प्रतिवेदन जारी गरिदिएको कारणले उजुरीकर्ता व्यक्तिलाई क्षति भएको व्यहोरा उल्लेख गरी निज लेखापरीक्षक विरुद्ध संस्थामा उजुरी दर्ता भएको । सो सम्बन्धमा* छानविन गर्दा लेखापरीक्षकले UDIN उल्लेख नभएको वा सो सम्बन्धमा कैफियत भएको लेखापरीक्षण प्रतिवेदन जारी गरिदिएको कारणले उजुरीकर्ता व्यक्तिलाई क्षति भएको देखिएको, लेखापरीक्षक आफ्नो पेशागत कार्यमा गम्भीर नरहेको र निजलाई संस्थाले लेखापरीक्षण गर्न प्रदान गरेको अधिकार भन्दा बढी रकमको लेखापरीक्षण गरेको देखिएकोले निजले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४(१), ३४(९), ३४(१५), नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५२(क), ६४(ख), ६४(ङ) तथा परिषद्को २३६ औं बैठकले गरेको निर्णय बमोजिमको UDIN सम्बन्धी निर्देशन पालना नगरेको ठहर गर्दै निज सदस्यलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(ग) बमोजिम **१ महिनाको लागि लेखाव्यवसाय गर्न रोक लगाउने** निर्णय परिषद्को मिति २०८२ भदौ ०२ गते बसेको ३५४ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोट:*

*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

..............................

सिए. विमल डंगोल
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np